**मुलुकभर फैलिएको कोरोना भाईरस (Covid Virus) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण मत्स्यपालन तथा बजारीकरणमा भएका समस्याहरु र समाधानका उपायहरु सम्बन्धि बैठकको प्रतिवेदन**

कोरोना भाईरस (Covid Virus) का कारण भएको बन्दाबन्दी तथा निशेधज्ञाका कारण मत्स्यपालन तथा बजारीकरणमा भएका समस्याहरु र समाधानका उपायहरु विषयमा मिति २०७८/०३/१३ मा राष्ट्रिय किसान आयोगले आयोजना गरेको छलफल कार्यक्रममा केन्द्रीय मत्स्य प्रवर्दन तथा संरक्षण केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकरण परियोजन कार्यान्वयन इकाईका प्रतिनिधिहरु, कृषि ज्ञान केन्द्रका प्रमुखहरू, मत्स्य व्यवसायी, व्यवसायी संघका प्रतिनिधि, व्यवसायी कृषक लगायत राष्ट्रिय किसान आयोगका पदाधिकारी तथा सरोकारवालाहरूको सहभागिता थियो । उक्त छलफल कार्यक्रममा सरोकारवालाहरूले विभिन्न सल्लाह एवं सुझावहरू राख्नु भएको थियो ।

- छलफल कार्यक्रममा केन्द्रीय मत्स्य प्रवर्दन तथा संरक्षण केन्द्र वालाजुका प्रमुख मत्स्य विकास अधिकृत श्री प्रमोद कुमार रिजालज्यूवाट वर्तमान अवस्थामा वन्दावन्दीको कारण मत्स्य व्यवसायमा परेको असर समस्या र समाधानका उपाय विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उहाको कार्यपत्रानुसार नेपालमा माछा पालनको वर्तमान अवस्था हेर्दा संघीय तहमा ३,६०,००,०००, प्रादेशीक ६,४०,००,००० निजीतहमा ३३,२०,००,००० गरी जम्मा ४३ करोड २० लाख मत्स्य विज आपुर्ति हुन्छ ।प्राकृतिक जलासयले २३% ओगटेको छ भने निर्मीत पोखरीवाट ७७% क्षेत्रफल ओगटेको छ ।नेपालमा अहिले ९७२७१ मे.ट.उत्पादन हुन्छ भने ६०८३ मे.ट. अन्य देशहरुवाट आयात भएको छ ।देशको कूल माछा पालनको क्षेत्रफल मध्ये मा २ नं प्रदेशमा ५६%, लुम्विनी प्रदेशमा २२%, १ नं. प्रदेशमा १२% क्षेत्रफल ओगटेको छ भने अन्य प्रदेशमा कम छ । माछा भुराको उत्पादन गर्ने सरकारी ह्याचरी छैन त्यसले पनि सुलभ तरिकाले माछाको भुरा किसानको घर दैलोमा पुऱ्याउन सकिएन। ह्याचरी नभएर कृषकले समस्या भोग्नु परेको अवस्था छ । कच्चा प्रदार्थमा पनि भारतमा निर्भर छौं हर्मोन वा अन्य चाहिने कच्चा पदार्थ पनि वाहीरवाटै निर्भर छौ जस्तै जालहरु समेत पनि वाहीरवाट लिनु पर्छ । दक्ष जनशक्ती पनि छैन र माछा छिटो नष्ट हुने बस्तु भएकोले बजार र उपभोक्ता सम्म पऱ्याउन सकिएन ।स्थायी माछा बजारको पनि ब्यवस्था छैन ।उपभोक्ताको चाहना अनुसारको माछा उपलब्ध गराउन सकिएको छैन।
- छलफल कार्यक्रममा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना धनुषा माछा सुपरजोनका प्रमुख श्री युगलकिसोर तिवारी, रुपन्देहीका प्रमुख श्री राम प्रसाद पाण्डे, श्री लक्ष्मी नारायण यादवले कोभीड १९ ले माछाको माग र आपूर्तिको chain break भयो, यसैले माछा बजारीकरणमा समस्या भयो, क्रय शक्ति पनि घट्यो, गत वर्ष भन्दा यस वर्ष केही सहज भयो। तालिम हुन सकेनन्, अनुगमन घटेको छ। हर्मोन तथा अन्य निर्माण सामाग्री बाहिर भारतबाट आउनु पर्थो यस वर्ष आएन क्षेत्र विस्तार

कार्यक्रमलाई असर गरेको विषय राखु भयो। दाना उत्पादन र वितरणमा समस्या रहेको, दानालाई चाहिने कच्चा पदार्थमा र गाडी ढुवानीमा समस्या, अक्सीजनको अभावले माछा किन्ने र बेच्ने अवस्था नरहेको थियो। बजार मूल्यको गत वर्ष रु २०० र यस वर्ष रु १६० र रु १८० भएकोले प्रशोधन गरेर बजारमा लाने योजना छ ।पोखरीको माछा र भुरा अक्सीजनको कमिले मरेका छन्। माछा व्यवसायीले धेरैलाई रोजगारी दिएको छ।सरकारले प्याकेज बनाएर कृषकलाई राहत दिएको छैन।बैंकबाट ऋण र किस्ता लिन समस्या छ।सहुलिएत दरमा माछाको भुरा र दानामा सहजिकरण भएन।दानाको गुणस्तर प्रमाणीकिकरण गर्न सरकारको नीति हुनु पर्ने।

- उक्त छलफल कार्यक्रममा सहभागी माछा उत्पादन किसान तथा व्यावसायी प्रतिनिधिहरु श्री फतेमान भिमाजुङ, चुलाराम चौधरी, पम्फा धिमाल, लुलाराम तामाङ्ग, रिता वस्ताकोटी र रमेश पाण्डेले तपशिल अनुसरको समस्या र समाधानका उपायहरु राखु भयो ।

- विदेशी माछाहरूको सहज आयात भए पनि नेपाल भित्रै आन्तरिक ढुवानीमा समस्या भएकोले सहज ढुवानीको लागि सहजीकरण हुन जरूरी रहेको।
- नेपाली मत्स्य क्षेत्रमा भुरा माछा बजारलाइ प्रर्वद्धनमा जोड दिनुपर्ने ।
- मत्स्यपालन क्षेत्रमा यातयात तथा ढुवानीमा देखिएको समस्याका कारण माछाका दाना, फिड्स तथा सप्लाइमा समस्या देखिएकोले ढुवानीमा सहजीकरण हुन आवश्यक भएको ।
- कालीमाटी तरकारी बजारमा भारतीय माछाको लागि प्रशस्त स्थान पाउँदा स्वदेशी माछाले विक्री वितरण गर्नका लागि स्थान उपलब्ध नभएकोले सो को लागि आवश्यक पहल हुनुपर्ने ।
- माछाको बीमा प्रकृयालाइ सरलीकृत गरी माछा कृषकले सहज रूपमा बीमा गर्न सक्ने वातावरण तयार गर्नुपर्ने ।
- नेपाल सरकारले माछाको भुरा उत्पादन गर्ने ह्याचरी निर्माणको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने।
- सघन माछा पालन प्रविधि, सौन्दर्य माछा पालन प्रवर्दनका लागि सरकारी नीजि क्षेत्रको साझेदारीमा कार्यक्रम संचालन गर्नुपर्ने
- कोभिडको प्रभावहरू अध्ययन सर्वेक्षण गरि अलपकालीन र दीर्घकालीन योजना तयार गर्नुपर्ने ।
- माछा भुरा ढुवानी गर्दा अक्सिजनको अभावलेले असहज वातावरण भएकोले भुरा वितरण प्रणाली व्यवस्थित गर्न आवश्यक पहल हुनुपर्ने ।
- जिउँदो माछा विक्री वितरण गर्नका लागि माछा मार्ट विभिन्न स्थानमा व्यवस्थित गर्नुपर्ने ।
- माछामा दिदै आएको अनुदानलाई समयानुसार परिमार्जन गरी सहकारी वा कृषकले सोझै अनुदान प्राप्त गर्ने सक्ने गरि पारर्दशिता हुनुपर्ने ।

- पशुसेवा विभाग उपमहानिर्देशक नम्रता सिंहले निशेषधाज्ञाले आवतजावतमा कम भएपछि व्यवसाय कम हुन्छ त्यो नै मुख्य समस्या हो। सहभागीले दिनुभएको सल्लाह सुझावहरुलाई मध्यनजर गरी उपयुक्त किसिमको कार्यक्रम ल्याई समस्या समाधानमा पहल गर्ने कुरामा जोड दिने कुरा व्यक्त गर्नुभयो ।
- अन्यमा राष्ट्रिय किसान आयोगका अध्यक्ष प्रेम प्रसाद दंगालज्यूवाट छलफलमा उठेका विषय वस्तुमा प्रकाश पार्दै छलफलको समापन गर्नु भएको थियो ।